म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्षः१७ अङ्कः- १६५ २०८३ वैशाख २५ गते शुक्रबार 8 May 2026, Friday पृष्ठ ४ मूल्य रू. ५/-

सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इग्ङ्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इग्ङ्लिस बोर्डिङ स्कुल
हेटौँडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

# मकवानपुरमा २८ हजार बढी सुकुम्बासी

समाज संवाददाता

हेटौंडा : मकवानपुरमा कुल सुकुम्बासी तथा अव्यवस्थित बसोबासी २८ हजार ८०१ जना । उनीहरुले भूमिहिन दलित सुकुम्बासी समस्या समाधान आयोग समक्ष निवेदन दिएका छन् ।

नापी कार्यालय मकवानपुरका प्रमुख एवम् तत्कालिन भूमिहिन दलित सुकुम्बासी समस्या समाधान आयोग मकवानपुरका सदस्य सचिव महेश्वर कार्कीका अनुसार निवेदन दर्ता गरेका मध्ये भूमिहिन दलित ४७१ जना रहेका छन् भने भूमिहिन सुकुम्बासी ३ हजार ५८९ र अव्यवस्थित बसोबासीको संख्या २४ हजार ७३७ जना रहेको छ ।

प्रमुख कार्कीका अनुसार हेटौंडा उपमहानगरपालिकामा ६ हजार १२४ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जसमा भूमिहीन दलित २३६, भूमिहीन सुकुम्बासी १ हजार ८५१ र अव्यवस्थित बसोबासी ४ हजार ३७ जना रहेका छन् । बागमती गाउँपालिकामा २ हजार २०८ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जसमा ३४ जना भूमिहीन दलित, २८३ जना भुमिहीन सुकुम्बासी र १ हजार ८९५ जना अव्यवस्थित बसोबासी रहेका छन् ।

बकैया गाउँपालिकामा ८ हजार ८१३ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये भूमिहीन दलित ४४ जना रहेका छन् । भूमिहीन सुकुम्बासीको संख्या ३२८ रहेको छ भने ८ हजार ४४१ जना अव्यवस्थित बसोबासी रहेका छन् । भीमफेदी गाउँपालिकामा रहेका ७७२ भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये ४५ जना भूमिहीन दलित रहेका छन् भने ३३१ जना भूमिहीन सुकुम्बासी र ३९६ जना अव्यवस्थित बसोबासी रहेका छन् । इन्द्रसरोवर गाउँपालिकामा रहेका १३५ भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये ५ जना भूमिहीन सुकुम्बासी रहेका छन् भने १३० जना अव्यवस्थित बसोबासी रहेका छन् ।

कैलाश गाउँपालिकामा ५४२ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । जसमध्ये भूमिहीन दलित ६ जना, भूमिहीन सुकुम्बासी ६७ र ४६९ जना अव्यवस्थित बसोबासी रहेका छन् । मकवानपुरगढी गाउँपालिकामा रहेका २४३ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये २ जना दलित, ४१ जना सुकुम्बासी र २०० जना अव्यवस्थित बसोबासी रहेका छन् ।

मनहरी गाउँपालिकामा रहेका ८ हजार ३३५ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी मध्ये १०१ दलित रहेका छन् भने ६१५ जना सुकुम्बासी र ७ जहार ६१९ जना अव्यवस्थित बसोबासी रहेका छन् । राक्सिराङ गाउँपालिकामा भूमिहीन दलित १ जना, सुकुम्बासी २९ र ३०१ जना अव्यवस्थित बसोबासी गरी ३३१ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । थाहा नगरपालिकामा १ हजार २९४ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । जसमा ३ जन दलित, ३९ जना सुकुम्बासी र १ हजार २५२ जना अव्यवस्थित बसोबासी रहेका छन् ।

उक्त तथ्यांक आयोगले सुचना जारी गरे अनुसार वडास्तरबाट संकलन भएका निवेदनको आधारमा तयार गरिएको प्रमुख कार्कीले बताए। उनका अनुसार उक्त तथ्यांकमा सबै नागरिकहरुको पहुँच नपुगेको वा छुटेको पनि हुन सक्छ भने प्राप्त निवेदन माथि जाँचबुझ र अद्यावधिक गर्न बाँकी रहेको छ । भूमि समस्या समाधान आयोगको वेब पोर्टल र स्थानीय तहको समन्वयमा तयार गरिएको उक्त तथ्यांकलाई अध्यावधिक गर्दै केही स्थानमा पुर्जासमेत वितरण गरिसकेको उनले बताए ।

प्रमुख कार्कीका अनुसार पुर्जा वितरण गर्नुअघि प्रमाणीकरण प्रक्रिया

बाँकी पृष्ठ ४ मा...

# लगत संकलन गरी सरकारी जग्गाको अतिक्रमण हटाउँछौं : प्रजिअ अधिकारी

समाज संवाददाता

हेटौंडा : मकवानपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) बसन्त अधिकारीले जिल्लाभित्रका सरकारी तथा सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउन प्रशासनले सक्रियता बढाएको बताए । संघीय सरकार र गृह मन्त्रालयको परिपत्र अनुसार जिल्ला प्रशासन कार्यालयले स्थानीय तहहरुसँगको समन्वयमा जग्गा संरक्षणको कार्य अगाडि बढाएको बताए ।

उनका अनुसार गृह मन्त्रालयबाट प्राप्त ७-८ बुँदे परिपत्रलाई सबै स्थानीय तहमा पठाइसकिएको छ । प्रजिअ अधिकारीले नेपाल सरकारको नाममा लालपुर्जा भएका तर व्यक्तिले हडपेका जग्गाहरुलाई प्राथमिकताका साथ खाली गराइने बताए । विशेषगरी मनहरी गाउँपालिकामा रहेको करिब १०५ बिघा जग्गा, टिसीएनको जग्गा, र साविक रोप-वेको जग्गाहरुमा भएको अतिक्रमण हटाउन सम्बन्धित निकायहरुलाई पत्राचार गरिसकिएको उनको भनाई छ । अतिक्रमित जग्गाहरूको विवरण संकलन गर्ने काम तीव्रताका साथ अगाडि बढेको र करिब एक हप्ताभित्रमा सबै तथ्यांक प्राप्त हुने



(प्रजिअ) बसन्त अधिकारी

उनले बताए ।

'सार्वजनिक जग्गाको विवरण संरक्षण गर्ने अधिकार स्थानीय तहलाई नै छ । स्थानीय तहबाट विवरण प्राप्त भएपछि र सुकुम्बासीहरुको पहिचान भएपछि जग्गा खाली गराउनुपर्ने भएमा प्रशासनले सुरक्षा प्रबन्ध उपलब्ध गराउनेछ', उनले भने, 'सम्बन्धित निकायले सुरक्षा माग गरेमा हामी तुरुन्तै सुरक्षाकर्मी परिचालन गरेर अतिक्रमण हटाउँछौं ।' उनले सरकारी जग्गा अतिक्रमण र सुकुम्बासी समस्याको विषयमा भने फरक ढंगबाट अघि बढ्नु पर्ने बताए । विशेषगरी प्रशासनले सुकुम्बासीहरुको पहिचान गरी व्यवस्थापन गर्ने तयारी गरेको उनले बताए । हेटौंडा-११ लगायतका विभिन्न सुकुम्बासी बस्तीहरुमा को-को बसिरहेका छन् भन्ने बारेमा सूक्ष्म अध्ययन गरिने उनको भनाइ छ ।

'हेटौंडासहित जिल्लाका अन्य सुकुम्बासी बस्तीमा बस्नेहरु वास्तविक सुकुम्बासी हुन् कि अव्यवस्थित बसोबासी हुन । उनीहरु नेपाली नागरिक हुन् कि विदेशी । उनीहरुको पेसा के हो र कतै आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरु त छैनन् भन्ने कुराको लगत स्थानीय तहले राख्नुपर्छ । सुकुम्बासीहरुको व्यवस्थापन गर्नुपर्छ । तर गलत विवरणका आधारमा जग्गा हडप्नेहरुलाई कारवाही गर्नुपर्छ ।' उनले भने । जिल्लाको राक्सिराङ र कैलाश क्षेत्रमा बसोबास गर्ने प्रजा तथा चेपाङ समुदायको पहिलो अधिकार पहिचान भएकाले सोही अनुसार व्यवस्थापनको तयारी रहेको उनले बताए । उनका अनुसार ती क्षेत्रमा धेरै मानिसहरु जग्गा र घर हुनुभन्दा पहिले पहिचान (नागरिकता) विहीन छन् । पहिचानविहीन नागरिकलाई नागरिकता दिनु प्रशासनको पहिलो प्राथमिकताको विषय भएको उनले बताए ।

# ट्रकको ठक्करबाट प्रहरी जवानको मृत्यु

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-११, थानाभञ्याङमा ट्रकले स्कुटरलाई ठक्कर दिँदा नेपाल प्रहरीका एक जवानको मृत्यु भएको छ । सोमबार राती ८ बजेको समयमा नवलपुरबाट हेटौंडातर्फ आउँदै गरेको ना ५ ख ५२५२ नम्बरको फलाम लोड ट्रकले सोही दिशाबाट आउँदै गरेको बा प्र ०३-००५ प १४१५ नम्बरको स्कुटरलाई पछाडिबाट ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले बिहिबार जनाएको छ ।

दुर्घटनामा नुवाकोट जिल्लाको तादी गाउँपालिका-६ घर भई नेपाल प्रहरी विशेष सुरक्षा गण रातोमाटेमा कार्यरत प्रहरी सहायक हवल्दार ३६ वर्षीय किरण श्रेष्ठ गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याएकोमा राती ८ बजेर २५ मिनेटको समयमा चिकित्सकले मृत घोषणा प्रहरीले जानकारी दिएको छ । ट्रक चालक बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-२ का २४ वर्षीय रञ्जित कार्की नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

नयाँ शैक्षिकसत्रमा प्रधानाध्यापकको योजना

# 'आधारभूत तहमै विद्यार्थीमाथि निगरानी पुऱ्याउनुपर्छ'

नानीमाया सापकोटा

हेटौँडा : २०३२ सालमा स्थापित हेटौँडा-९ स्थित प्रगति माविले समय-समयमा कक्षा १० को एसईईमा जिल्लामै उत्कृष्ट नतिजा ल्याइरहेको छ । विगतमा एसएलसी परीक्षामा पनि उत्कृष्ट नतिजा हासिल गर्दै आएको विद्यालयले आफ्नो पहिचानलाई निरन्तरता दिने प्रयास गरिरहेको छ ।

२०६०, २०६१ र २०६३ सालको एसएलसीमा ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको यस विद्यालयले २०६२ सालमा ८६ प्रतिशत नतिजा प्राप्त गर्न सफल भएको थियो । विगतमा जिल्लामै उत्कृष्ट विद्यालयको पहिचान बनाएको विद्यालयले गत वर्ष १ सय १८ जना विद्यार्थी एसइईमा समावेश भएकोमा ८२ प्रतिशत नतिजा प्राप्त गरेको थियो । जसमा १२ जनाले ३.६ भन्दा माथिको जीपीए हासिल गरेका थिए ।

हाल विद्यालयमा प्राथमिक तहमा १६ जना, निमाविमा ८ जना र मावि तहमा ९ जना शिक्षक दरबन्दी रहेको छ । विद्यालयले १ जना निमावि तहमा र १० जना प्रावि तहमा गरी ११ जना निजी स्रोतबाट शिक्षकहरु नियुक्त गरेको छ । विद्यालयमा इसीडीदेखि कक्षा ९ सम्म पूर्ण अंग्रेजी माध्यमबाट पठनपाठन हुने गरेको छ । कक्षा १०, ११ र १२ मा अंग्रेजी र नेपाली दुबै माध्यमबाट पठनपाठन हुने गरेको छ ।

विद्यालयले शैक्षिक गुणस्तर सुधारका लागि अघिल्लो वर्ष कक्षाकोठामा हुने सिकाइ प्रभावकारी बनाउन शिक्षकहरुलाई तालिम दिएको विद्यालयका प्रधानाध्यापक किशोर पराजुलीले बताउनुभयो । कतिपय विद्यालयहरुमा माथिल्लो कक्षालाई बढी ध्यान दिएको पाइए पनि यस प्रवृत्तिलाई तोड्दै सानो कक्षाका बालबालिकाको सिकाइलाई बढी ध्यान दिने निर्णय गर्दै सानालाई ध्यान दिने गरेको पराजुलीको दावी छ । उहाँले साना बालबालिकाको पठनसीप विकास गर्न शिक्षकलाई तालिम र मूल्याङ्कन गरिएको जानकारी दिनुभयो ।



प्रधानाध्यापक किशोर पराजुली ।

अघिल्लो वर्ष बालकक्षादेखि कक्षा ५ सम्मको बालबालिकाहरुको पठनसीप विकास तालिम दिइएकोमा यस वर्ष कक्षा ६ र ७ लाई समावेश गर्ने विद्यालयको योजना छ । विशेषगरी भाषा शिक्षकहरुबाट विद्यार्थीलाई पुस्तक विवेचना, विश्लेषण गर्ने पठन संस्कृतिमा बढावा दिने विषयमा तालिम दिने तयारी विद्यालयको छ ।

यस्तै, साना कक्षामा अध्ययनरत विद्यार्थीको पठनपाठनमा ह्रास आइरहेकोले विद्यालयले जेठ महिनाबाटै कमजोर विद्यार्थीलाई अभिभावकको समन्वयमा सुधारात्मक कक्षा सञ्चालन गर्ने तयारीसमेत गरिरहेको छ । गतवर्ष कक्षा १० का ७५ जना विद्यार्थीहरुलाई वर्षे बिदाको सदुपयोग गर्दै व्यावसायिक सीप विकासका लागि सौन्दर्यकर्मी, कपाल काट्ने, बारिष्टा र इलेक्ट्रिसियनको ७ दिने तालिमसमेत प्रदान गरिएकोमा यसवर्ष पनि कार्यक्रमलाई निरन्तरता दिने विद्यालयले जनाएको छ । प्रधानाध्यापक पराजुलीले यस्ता तालिम सञ्चालनले मध्यमस्तरको जनशक्तिसमेत तयार हुने र भविष्यमा कमाउँदै पढ्दै गर्न सहज हुने उल्लेख गर्नुभयो । भविष्यमा आवश्यकताअनुसार तालिमको विषय फरक हुनसक्ने भए पनि तालिम प्रभावकारी भएको उहाँको अनुभव छ ।

विद्यालयमा बालबालिकाको पठनपाठनबारे चासो नलिने, चासो लिए पनि समय दिन नसक्ने अभिभावकहरु रहेकोले कक्षाको संयोजक शिक्षकले अभिभावककै समय अनुकूल अभिभावक भेटघाटको व्यवस्थापन गर्ने गरेको पराजुली बताउनुहुन्छ। उहाँले अभिभावकहरुसँग आवश्यकताअनुसार व्यक्तिगत छलफल गर्ने गरेको स्पष्ट पार्नुभयो । गत वर्ष सुरु गरिएकोमा यो प्रभावकारी देखिएकोले यस शैक्षिक सत्रमा पनि निरन्तरता दिने विद्यालयको योजना छ । साथै, अनियमित हुने तथा कक्षामा अनुपस्थित हुने विद्यार्थीको बारेमा विद्यालयले विशेष ध्यान दिने गरेको उहाँले बताउनुभयो। अघिल्लो वर्ष अभिभावक शिक्षा कार्यक्रम एक पटक गरेकोमा यसवर्ष ५ पटक गर्ने विद्यालयले योजना बनाएको छ ।

विद्यालयमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरु, शिक्षकहरु र अभिभावकहरु लगायत सबै पक्षबीच राम्रो समन्वय रहेकोमा पराजुली खुसी व्यक्त गर्नुहुन्छ । विद्यालय व्यवस्थापन समितिमा पनि पूरै पदाधिकारी तथा सदस्यहरु अभिभावकहरु नै रहेकोले कुनै राजनीतिक प्रभाव नहुने हुँदा पनि विद्यालय व्यवस्थापनमा सहज भएको उहाँको भनाइ छ। सबै मिलेर वर्षे बिदामा समेत निःशुल्क कक्षा सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

विद्यालय तहको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयले आधारभूत तहलाई बढी ध्यान दिनु जरुरी हुने पराजुलीको भनाइ छ । विद्यालयले माथिल्लो तहको कक्षामा बढी ध्यान दिएमा तत्काल नतिजा राम्रो देखे पनि दीर्घकालीन रुपमा भने जग बलियो नहुने तर्क प्रधानाध्यापक पराजुलीको छ। उहाँले आधारभूत तहमा निगरानी गरी सुधार गर्दै जानु आवश्यक रहेकोमा जोड दिनुभयो ।

यस्तै, विद्यार्थीहरुको सिक्ने शैली तथा पठनपाठनको शैलीअनुसार शिक्षकहरुलाई परिवर्तन हुनुपर्ने उहाँको विचार छ । साना बालबालिकाको मानसिक स्वास्थ्यलाई पनि ध्यान दिई पठनपाठन सञ्चालन गर्नुपर्नेमा पराजुलीले जोड दिनुभयो। विद्यालय सञ्चालनका सबै पक्ष अभिभावक, शिक्षक तथा जनप्रतिनिधिहरुको समन्वयकारी भूमिका भएमा विद्यालयको सुधारमा बल पुग्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

हार्दिक बधाई



मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आदरणीय **कृष्ण कटुवाल** नेपाल उद्योग वाणिज्य महासंघको कार्यसमिति सदस्य पदमा अत्यधिक मतसहित निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछु ।

**राजु अधिकारी, उपाध्यक्ष**
**मकवानपुर उद्योग वाणिज्य संघ**
**हेटौंडा, मकवानपुर**

## सम्पादकीय

# कार्यान्वयनमा किचलो नहोस्

६ महिनाभन्दा बढी समय लगाएर बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने निर्णय गरेको छ । प्रदेशमा रहेका १४ मन्त्रालयबाट ६ वटाको कार्यभार अन्यमा समायोजन गरेर ८ वटा मन्त्रालय बनाउने निर्णय प्रदेशको मन्त्रिपरिषद् बैठकले गरेको छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सरकारको नेतृत्व लिएपछि मन्त्रालय तथा अन्य अनावश्यक निकाय कटौतीको लागि अध्ययन गर्न विज्ञ टोली र मन्त्रीस्तरीय समिति बनाएका थिए । विज्ञ टोली र मन्त्रीस्तरीय समितिको सिफारिसबमोजिम प्रदेश सरकारले प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ८ मन्त्रालय राख्ने प्रस्तावमा सत्ता साझेदार एमालेका मन्त्रीहरुले असहमति जनाएको बताइएको छ । विगतमा सत्ता साझेदार दलहरुबिच भागबण्डा मिलाउनकै लागि ७ वटा मन्त्रालयबाट १४ वटा पुऱ्याइएको हो । अहिले मन्त्रालय कटौतीको निर्णय गर्ने बेलामा पनि सत्ता साझेदार एमाले र कांग्रसबाट मन्त्री भएकाहरु विभाजित हुनुले निर्णय कार्यान्वयनमा फेरि किचलो हुनसक्ने आशंका पैदा भएको छ ।

अहिले बागमती प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार छ । कार्यदलको सुझावबमोजिम मुख्यमन्त्री बानियाँले ८ वटा मन्त्रालय कायम गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्नुअघि एमालेबाट मन्त्री भएकाहरुले छुट्टै छलफल गरेर मन्त्रालयको संख्या ९ वटा कायम गर्नुपर्ने अडान लिए । एमालेका ६ जना मन्त्रीहरुले मन्त्रिपरिषद् बैठक अघि नै प्रदेशमा ९ मन्त्रालय बनाउनुपर्ने माग राखेपछि मन्त्रिपरिषद् बैठकसमेत ढिला हुन पुगेको थियो । प्रदेशमा स्वास्थ्य मन्त्रालय छुट्टै राख्नुपर्ने र शहरी विकासलाई खानेपानी मन्त्रालयमा राख्न नहुने माग एमालेका मन्त्रीहरुको थियो । मुख्यमन्त्री बानियाँले आफूले भनेजस्तो नभए मन्त्रीहरुलाई नै बर्खास्त गर्ने चेतावनीसहित बरु गठबन्धन परिवर्तन गर्ने तर, प्रदेशमा ८ वटाभन्दा बढी मन्त्रालय नराख्ने अडान दोहोऱ्याएपछि एमालेका मन्त्रीहरु केही लचिलो देखिएका थिए । उनीहरुले शहरी विकासको कार्यभार खानेपानीबाट भौतिकमा राख्ने र स्वास्थ्य मन्त्रालयको कार्यभार सामाजिकमा सार्ने प्रस्तावसहित ८ वटा मन्त्रालयमा चित्त बुझाएपछि मन्त्तिपरिषद् बैठकमा मन्त्रालय घटाउने निर्णय भएको थियो ।

उच्चस्तरीय प्रशासनिक पुनर्संरचना समितिको प्रतिवेदन र छलफलका क्रममा प्राप्त सुझावका आधारमा प्रदेशको मन्त्रालय संख्या कटौती गरिएको बताइएको छ । एमाले संसदीय दल र स्वास्थ्य मन्त्रीले स्वास्थ्य मन्त्रालयलाई छुट्टै र स्वायत्त राख्नुपर्ने प्रस्ताव गरेका कारण सत्ता साझेदार दलबिच केही असमझदारी रहेको बुझ्न सकिन्छ । २०७४ सालबाट करिब साढे ३ वर्ष बागमतीका प्रथम मुख्यमन्त्रि डोरमणि पौडेलले ७ वटा मन्त्रालयबाट सरकार सञ्चालन गरेका थिए । केही महिनामात्र प्रदेश सरकारको नेतृत्व लिएकी अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालयअन्तर्गत रहेको स्वास्थ्यलाई छुट्टै मन्त्रालय बनाइन् । त्यसपछि राजेन्द्र पाण्डे नेतृत्वको सरकारले मन्त्रालय टुक्र्याउँदै १४ पुऱ्यायो । २०७९ को निर्वाचनपछि मुख्यमन्त्री बनेका शालिकराम जम्कट्टेलले १४ मन्त्रालयलाई ११ मा झारे पनि केही महिनामै पुन: १३ वटा बनाए । कांग्रेसबाट मुख्यमन्त्री बनेका बहादुर सिंह लामाले १३ वटा र वर्तमान मुख्यमन्त्री बानियाँले १४ मन्त्रालय कायम गरेर सरकार चलाएका छन् ।

प्रदेशको प्रशासनिक खर्च कटौती र सुशासनलाई थप प्रभावकारी बनाउन मन्त्रालयको संख्या घटाउनु उचित कदम हो । ६ वटा मन्त्रालयसँगै ५० वटा सरकारी कार्यालयसमेत कटौती हुँदा प्रदेश सरकारको प्रशासनिक व्ययभार करिब ५ अर्ब घट्ने अनुमान गरिएको छ । चालु आर्थिक वर्षभरि साविककै मन्त्रालय र मन्त्रिमण्डलबाट सरकारले काम गर्ने भए पनि नयाँ आर्थिक वर्षको सुरुवात (आगामी साउन १ गते)बाट ८ वटा मन्त्रालय कायम हुनेछ । मन्त्रालय घटाउने निर्णय दुई महिनापछि कार्यान्वयनमा आउने भएकाले त्यसबेलासम्म सत्ता साझेदार दलबीच साझेदारी र समझदारी कायम रहोस् । असहमतिबीच भएको सान्दर्भिक निर्णय कार्यान्वयनमा किचलो नहोस् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार १११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक कार्यमा संलग्न भइने समय योग देखिन्छ ।
**वृष** : बन्दव्यापारबाट सोचे अनुरुप लाभ हुने समय छ ।
**मिथुन** : स्वास्थ्य समस्यामा सुधार आउने योग देखिन्छ ।
**कर्कट** : कामबाट प्रशस्त लाभ उठाउने समय योग छ ।
**सिंह** : अध्ययन–अध्यापन ठिकै रहने समय योग देखिन्छ ।
**कन्या** : व्यक्तित्व विकासका लागि प्रयास हुने समय छ ।
**तुला** : लेनदेनको कारोबारबाट लाभ प्राप्त हुने छ ।
**वृश्चिक** : सामाजिक र धार्मिक काममा मन जाने छ ।
**धनु** : जोखिमयुक्त काममा धन लगानी गर्नु हुँदैन ।
**मकर** : व्यापार–व्यवसाय मध्यमकारक रहने छ ।
**कुम्भ** : अध्ययन–अध्ययनका काममा मन जाने छ ।
**मीन** : काम कर्तव्यप्रति मन एकाग्र हुने समय छ ।

# टालटुल हैन, नयाँ शिक्षा ऐन, हाम्रो अपेक्षा !



रमेश प्रसाद लामिछाने

यहाँ सरकार र शिक्षा प्रशासनको भूमिका प्रभावकारी नबन्दा पेशागत संगठनहरू राज्य संयन्त्रमा हावी भएका हुन् । भ्रष्ट र दुराचारीहरू जहाँ जुन पदमा भएपनि एकै हुँदा रहेछन् भन्ने प्रमाणित भएको छ । प्रत्येक व्यक्ति र संस्था सरकारी हुन् वा गैरसरकारी, आआफ्नो जिम्मेवारी ईमान्दारीपूर्वक गर्ने हो भने समस्या आउने थिएन ।

१. जब सरकार फेरिन्छ, शिक्षा ऐनकै कुरा उठ्छ । नयाँ शिक्षा मन्त्री आउँछन्, शिक्षा ऐनकै कुरा गर्छन् । एक वर्षमा तीन पटक सरकार फेरिने यो मुलुकमा शिक्षक महासंघलाई नयाँ शिक्षा मन्त्रीलाई भेटेर बधाई दिन भ्याई नभ्याई छ । जब चुनाव आउँछ, शिक्षा ऐन दलहरुको आकर्षक विषय बन्छ । शैक्षिक मञ्चमा नेताहरुको मूल भाषण नै शिक्षा ऐन हुन्छ । विद्यालय शिक्षा ऐनको चर्चाले तीन दशक वर्ष पार गरिसकेको छ । यो कुनै नयाँ विषय भएन । चर्चा गर्नेहरु थकित भैसके । ऐनका दर्जनौं ड्राफ्टहरु थोत्रा बने । सुझाव आयोगहरुको सूची पनि पढ्न नभ्याइने लामो छ । शिक्षा ऐनको समाचार लेख्दा र भन्दा संचारकर्मीहरु कति पटक एउटै कुरा गर्ने भन्दै उदेक र दिक्क बन्दै तर्किन थालेका छन् । अब त शिक्षा ऐनका समाचारले मात्र खिन्न, निराशा र पीडा मात्र उब्जाएको बुझिन्छ । शिक्षक कर्मचारीहरुमा कुनै पनि उत्साह र चासो देखिँदैन । उनीहरु एकथान शिक्षा ऐनका लागि आन्दोलन गर्दागर्दै पेशाबाटै रिटायर्ड भएको तितो अनुभव सुनाउँछन् । सरोकारवालाहरुको भनाईमा शिक्षा ऐन अनौठो वस्तु रहेछ भन्ने धारणा बनेको छ । कसले रोक्छ, के कारणले रोकिन्छ, शिक्षा ऐन आफैंमा एक रहस्य बनेको छ ।

२. २०२८ भाद्र २४ मा जारी शिक्षा ऐन पहिलो संशोधन २०३३ कार्तिक ४ गते भए पश्चात २०७३ असार १५ गतेसम्ममा शिक्षा ऐन आठौं पटक संशोधन भएको छ । केहि नेपाल कानून संशोधन गर्ने ऐन, वि.सं. २०७५ फागुन १९ सम्ममा भएका संशोधन समेत गर्दा १६ पटक उक्त ऐनमा टालटुल गरी काम चलाउ गर्दै आएको पाईन्छ । सँगै उच्च माध्यमिक शिक्षा ऐन २०४६ अनुसार संचालित कक्षा ११ र १२ लाई माध्यमिक तहमै समावेश गरे पश्चात उक्त ऐन स्वत: निष्क्रिय भएको छ । तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरु र सो तहका शिक्षकहरुको अवस्था र व्यवस्थापन अहिले झनै पीडादायी र जटिल बनेको छ ।

यस्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना गर्न बनेको ऐन-२०४६ अझै समयानुकूल बन्न नसकेकै हो । तत्कालिन शिक्षा विभाग हालको शिक्षा तथा मानवश्रोत विकास केन्द्र अन्तर्गत कक्षा ९-१२ को प्राविधिक शिक्षा प्रारम्भले थप अन्यौलता सहित प्राविधिक शिक्षा तहसनहस बनाउने कसरत भैरहेको स्पष्ट छ । प्राविधिक शिक्षालाई एकै संयन्त्र अन्तर्गत संचालन गर्नु पर्नेमा यी भिन्न दुई सरकारी संस्थाहरुबाट एउटै तह र उही सीप भिन्न सुविधा र फरक अवधिमा प्रदान गर्दा अनुदान नपाउने र बढि अवधि लाग्ने सिटिईभिटि बिस्तारै धराशायी बन्नु बनाइनु अनौठो होईन । उच्च शिक्षाको हकमा पनि करिब तदर्थ अवस्थामा नै वर्षहरु बिताउने काम भइरहेको छ । उदाहरणका लागि चार वर्षे स्नातक तहलाई लिन सकिन्छ । नीति तथा निर्देशनमा बितेको दुई दशकमा शिक्षा नीति, २०७६ तुलनात्मक रुपमा सकारात्मक रहेको स्विकार्नै पर्दछ ।

३. हालै अध्यादेश मार्फत विद्यालय शिक्षा ऐनमा परिमार्जन गरिएको भनिएको छ । यो नयाँ शिक्षा ऐन होईन । शिक्षा ऐन-२०२८ कै अठारौं पटकको टालटुल हुनसक्छ । शिक्षा ऐनमा के के कुरा राख्ने भन्दा पनि कसैको स्वार्थमा एउटा थप्ने अनि पहिलेकोमा मात्रात्मक सामान्य फेर बदल गर्ने र हल्ला भने व्यापक गर्ने परम्परा पुरानै हो । अहिले पनि त्यहि चर्चा छ । बाहिर आएको संशोधित शिक्षा ऐनमा व्यवस्थापन समितिमा गरिने २ जना मनोनित हटाइएको र अब ७ सदस्यीय बनाइएको भनिएको छ । यो कुनै शिक्षामा अपेक्षित परिवर्तनको शिर्षक होईन । व्यवस्थापन समितिमा कस्ता व्यक्ति रहने र उनीहरुको छनौट प्रक्रियाका सवालमा हिजोदेखि नै टिप्पणी गरिएकै हो । शिक्षण संस्थाको समग्र स्तर अभिवृद्धिका लागि व्यवस्था गरिने समितिका सवालमा औपचारिकता मात्र निर्वाह गर्ने संस्कार कहिले तोडिन्छ त ? व्यवस्थापन समितिको औचित्यकै बारेमा बहस भइरहेको बेलामा यो टालटुलको तात्विक अर्थ देखिँदैन । यो प्रकृतिको समितिको संरचना, भूमिका, प्रभावकारिता, गठन प्रक्रिया, पदावधि र शिक्षण संस्थाको समग्र विकासमा पुग्ने योगदानका सवालमा ठोस र विशिष्ट किटानी हाम्रो अपेक्षा हो । समितिका लागि समिति हुनु भन्दा त नभएकै बेस भन्न सकिन्छ । अप्रेशन गर्न जरुरी घाउमा बाहिरबाट टेप टाँसेर गरिने उपचार शैलीबाट काम हुँदैन भन्ने स्पष्ट छ ।

३. दोश्रो बुँदामा नेपाल शिक्षक महासंघको प्रतिनिधित्व हटाइएको समाचार बाहिरिएको छ । यो शिक्षक महासंघ रहेसम्म प्रतिनिधित्व हटाउनुले के सन्देश प्रवाह गर्ला त ? एक पेशा एक ट्रेड युनियन रहने व्यवस्थाले के-के नोक्सान हुन्छ भन्ने विवरण ल्याउनु पर्दैन ? दलगत भगिनी संस्था संगठनहरु त दलकै मातहत रहनु कुनै अनौठो देखिँदैन । यस्ता संगठनहरु सरकारले खारेज गरेर वास्तविक रुपमा खारेज हुन्छन् र ? पेशागत युनियनिज्मको सवाल भनेको भिन्न कोणबाट बुझ्ने प्रयत्न किन गरिएन ? दलका भातृ संगठनहरुबाट मातृ पार्टीको पक्षमा वकालत गरिनु उनीहरुको धर्म नै हो । यहाँ सरकार र शिक्षा प्रशासनको भूमिका प्रभावकारी नबन्दा पेशागत संगठनहरु राज्य संयन्त्रमा हावी भएका हुन् । भ्रष्ट र दुराचारीहरु जहाँ जुन पदमा भएपनि एकै हुँदा रहेछन् भन्ने प्रमाणित भएको छ । प्रत्येक व्यक्ति र संस्था सरकारी हुन् वा गैरसरकारी, आआफ्नो जिम्मेवारी ईमान्दारीपूर्वक गर्ने हो भने समस्या आउने थिएन । संस्था खारेजी भन्दा पनि चुस्त नियमन सबैको अपेक्षा हो । सरकारमा हुनेले आफू नजिकका संस्थाहरु र त्यस्का पदाधिकारीहरुको पक्षपोषण गर्ने स्थिति रहेसम्म आदर्शात्मक प्रचारबाजीका पर्दाहरु चाँडै उध्रिने तथ्यमा बिमति छैन । ठीक मान्छे ठीक स्थानको नारा, मुखमा भन्दा पनि व्यवहारमा सावित भएमा विपक्षीहरुले शिर ठड्याउने दिन टाढा टाढा हुनेछ ।

४. त्यस्तै राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगसँगै प्राविधिक तथा व्यावसायिक तालिम परिषद् जस्ता स्थानहरुमा भए गरेका नियुक्ति र पदावधि हटाइएको भनिएको छ । यस्ता कुराहरुले त्यतिबेलासम्म अर्थ राख्दैन, जत्तिबेलासम्म फेरि गरिने नियुक्ति र मनोनयनका मापदण्ड तथा विधिहरु पारदर्शीरुपमा योग्य, सक्षम र सदाचारी व्यक्ति देखिँदैनन् । रिक्त राखिरहँदा पनि काममा अवरोध हुन सक्छ । यो हेर्न बाँकी छ । यस्ता टिप्पणी गरिहाल्नु हतार पनि बन्न सक्छ । विश्वविद्यालय शिक्षा अर्थात उच्च शिक्षा ऐनका सवालमा त व्यापक मुद्दाहरु उठाइएका छन् । प्रधानमन्त्री कुलपति नरहने मात्र होइन, विश्वविद्यालय स्थापनाका शर्तहरु, मान्यताहरु, संरचनागत पक्षहरु, सवलीकरणका सवालहरु, प्राज्ञ परिषद्हरु, अनुदान आयोग, प्राध्यापक तथा कर्मचारीहरुका प्रभावकारी व्यवस्थापनका कुराहरु, पाठ्यक्रमका विषयमा, परीक्षा र नतिजा प्रकाशन समेतका चर्चाहरु बाहिर आएकै हुन् । यी प्रत्येक बुँदामा थोरै प्रसंग कोट्याउने हो भने मोटो किताबहरु तयार हुनेछ । नीजि शिक्षण संस्थाहरुको अभिभावकत्व पनि सरकारले ग्रहण गर्नुपर्छ । शिक्षालाई व्यापार व्यवसायको घेरामा सीमित गरिनु हुन्न । गैरसरकारी क्षेत्रका सबै शिक्षण संस्थाहरुमा कार्यरत शिक्षक कर्मचारीका सवालमा भेदभाव र छुवाछुत खारेज गर्नैपर्छ ।

५. अन्तमा, हाम्रो अपेक्षा शिक्षा ऐनको परिमार्जन हैन, नयाँ शिक्षा ऐन हो । नयाँ शिक्षा ऐनले विद्यार्थी, शिक्षक, अभिभावक र मुलुकलाई सम्बोधन गर्नैपर्छ । आजको प्रविधि र विश्वभूमण्डलीकरण शिक्षाको प्रमुख अंग हुनै पर्दछ । एआईलाई विद्यार्थीले प्रयोग गर्ने हो, एआईबाट विद्यार्थी प्रयोग हुने होइन । व्यक्तिको श्रृजनात्मक प्रतिभा, खोज, अनुसन्धानका सीपलाई प्रविधि मार्फत नै उत्पादनमा जोड्ने हो । शारमा, विद्यमान शैक्षिक समस्या हाम्रो आवाज हो ।

## सुकुम्बासी व्यवस्थापन,

# सरकारसँगै समाजको दायित्व



भानु पराजुली

सुकुम्बासी व्यवस्थापन सरकारको मुख्य दायित्व हो । समाज पनि अलग रहन भने सक्दैन । १२ वैशाखको भूकम्पपछि सिंगो समाज एकढिक्का भए जस्तै अहिले पनि सबैले सहयोगको हात बढाउनुपर्छ । केही दिनअघि टेलिभिजनमा एउटी वृद्धा देखिइन्, भाँडाकुँडा बाहिर निकालिएका, छतमुनिको ओत गएको, बाटोको छेउमा बसेकी । उनले क्यामेरातिर हेरिनन् शायद हेर्ने शक्ति बाँकी थिएन । अर्को च्यानलमा थिए साना बालबालिका जसलाई थाहै थिएन किन घर छोड्नुपरेको, कहाँ जाने हो । पत्रिकाहरूमा थिए- गर्भवती महिला, अपांगता भएका व्यक्ति, रातभर खुला आकाशमुनि बसेका परिवार ।

यी दृश्यले नेपाली समाजको मुटुमा चोट पुऱ्याएको छ र पुऱ्याउनुपर्छ पनि । किनभने यही क्षणमा एउटा महत्वपूर्ण प्रश्न उठ्छ - यो वेदना, यो पीडा, यो चित्कारले केवल सरकारमाथि आरोप लगाउने र राजनीतिक बहस गर्ने विषय मात्र बन्ने हो ? वा यी दृश्यले नेपाली समाजलाई एकैपल्ट जगाउने अवसर पनि बन्न सक्दैन र ! सुकुम्बासी व्यवस्थापन : सरकारसँगै समाजको दायित्व यो लेख त्यही प्रश्नको जवाफ खोज्ने प्रयास हो ।

### १. नाम फेरिए, पीडा उस्तै

नेपालमा 'सुकुम्बासी समस्या' भन्ने शब्दावली नै गलत छ । यो समस्या सुकुम्बासीको होइन, यो राज्यको समस्या हो, समाजको समस्या हो । यसै अनलाइनखबरमा राजनीतिक विश्लेषक भूमि अध्येता झलक सुवेदी लेख्छन्– राणा शासन अन्त्य हुँदा देशको ३६ प्रतिशत खेतीयोग्य जमिन बिर्ता थियो, जसको ८० प्रतिशत राणा परिवारको हुन्थ्यो जहाँ एक जना दलितले त्यो जमिन पाएको थिएन ।

औलो उन्मूलनपछि पहाडबाट झरेका, बाढी-पहिरोले सर्वस्व गुमाएका, नवउदारवादी नीतिले गाउँका उद्योग बन्द भएपछि शहर आएका यी सबैले खाली जमिनमा बसोबास गर्नु बाहेक विकल्प थिएन । सन् १९९० देखि २०२४ सम्म उन्नाइस वटा आयोग बनेछन् । प्रत्येक आयोगले प्रतिवेदन दिए, प्रत्येक सरकारले 'समाधान गर्छौं' भने । परिणाम ? आज पनि भूमिहीन दलित ८८ हजार, भूमिहीन सुकुम्बासी १ लाख ६८ हजार र अव्यवस्थित बसोबासी ८ लाख ७२ हजार परिवार गरी झण्डै ११ लाख परिवार बञ्चित छन् ।

यो तथ्याङ्क घटेको छैन, बढेको छ बरु । यो संरचनागत विपद् हो जुन एक दिनमा आएन र एक दिनमा सकिंदैन । सात दशकको यो उपेक्षाले सिर्जना गरेको विपद् जुन बाढी वा भूकम्प भन्दा कम दर्दनाक छैन । फरक यत्ति हो, यसमा प्रकृतिको हात छैन, राज्य र समाजको हात छ ।

### २. बालेन सरकारको आँट

१२ वैशाखदेखि काठमाडौं उपत्यकाका नदी किनारका जोखिमपूर्ण बस्तीहरू हटाउने अभियान शुरु भयो । थापाथली, गैरीधारा, मनोहरा, बल्खु ठाउँ-ठाउँमा डोजर चल्यो । यो कदम सात दशकमा पहिलो पटक कसैले गरेको साहसिक प्रयास हो किनकि यही काम गर्न खोज्दा अघिल्ला सरकारहरू राजनीतिक दबाबमा पछि हट्थे । तर सञ्चारमाध्यमहरूमा आएका दृश्यले एउटा तथ्य पनि उजाँगर गर्छ - कार्यान्वयनको शैलीमा मानवीय संवेदनाको कमी देखियो । पर्याप्त पूर्वसूचना नपाएका परिवार, सामान राख्ने ठाउँ नभएका वृद्धवृद्धा, औषधि र ओखती छुटेका बिरामी, विद्यालय छुटेका बालबालिका, यी पीडाहरू वास्तविक छन् र यिनको समाधान माग्नु उचित छ । तर, यहाँ स्पष्ट हुनुपर्छ, कदमको समर्थन र शैलीको सुधार माग्नु भनेका दुई अलग काम हुन् । बालेन सरकारले जुन आँट देखाएको छ, त्यसलाई हौँसला दिनु समाजको दायित्व हो । त्यो आँटको कार्यान्वयनमा मानवीय मर्यादा सुनिश्चित गर्न दबाब दिनु नागरिक समाजको दायित्व हो ।

### ३. समयको सीमा, सबैको दायित्व

जेठ महिनाको अन्त्यसँगै मनसुन शुरु हुन्छ । उसरी जलवायु परिवर्तनका हर्कतले मनसुन पनि बेइमान बन्ने गरेको छ, मध्य असोजपछिसम्म पनि ठूलो वर्षाले काठमाडौंका नदी किनार भरिन्छन्, बाढी आउँछ । हटाइएका परिवारहरू यदिविशे मनसुनअघि सुरक्षित ठाउँमा व्यवस्थित भएनन् भने अर्को मानवीय संकट आउन सक्छ । यो समयको सीमा सरकारले, नागरिक समाजले, समाजका हामी सबै वर्ग र व्यवसायीहरूले बुझ्नुपर्छ । भूकम्प २०७२ मा के भयो ? लाखौं परिवार बेघर भए । नेपाली समाज एकजुट भयो, गाउँगाउँबाट, शहरशहरबाट,विदेशबाट । एनआरएनएले एक्लै करोडौं रकम संकलन गऱ्यो । स्वयंसेवकहरू ह्यान्ड स्यानिटाइजर र खाना बोकेर सुदूर गाउँसम्म पुगे । कोभिडमा पनि त्यही भयो, अक्सिजन सिलिन्डरदेखि खानासम्म, औषधिदेखि मनोसामाजिक परामर्शसम्म नेपाली समाजले आफूलाई चिन्यो ।

भूकम्पमा एक रातभित्र घर ढल्छ त्यो विपद् हो । सात दशकसम्म घर नपाउनु, भूमिहीन भएर वर्षैपिच्छे झरी-वर्षा सहेर बस्नु पनि सामाजिक विपद् हो, र झनै क्रूर विपद् । दुवैमा समान करुणा र समान परिचालन चाहिन्छ । अहिले पनि त्यही एकता सहित परिचालन हुनु जरूरी छ । किनभने यो राजनीतिक प्रश्न होइन, मानवीय प्रश्न हो ।

### ४. जिम्मेवारीको स्पष्ट खाका

तल प्रत्येक क्षेत्रको तत्काल र मध्यकालीन जिम्मेवारी उल्लेख गरिएको छ, मनसुनअघि नै यी सबै सक्रिय हुनुपर्छ :

#### क. सरकारका मन्त्रालय तथा विभाग

- भूमि व्यवस्था तथा शहरी विकास मन्त्रालय; वास्तविक सुकुम्बासीको एकीकृत डेटाबेस तयार गर्ने, बैकल्पिक आवासको स्थान र समयरेखा सार्वजनिक गर्ने ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; अस्थायी स्थलमा रहेका गर्भवती, सुत्केरी, एकल महिला, बालबालिका र ज्येष्ठ नागरिकको छुट्टै सूची बनाउने, तत्काल सेवा सुनिश्चित गर्ने ।
- शिक्षा मन्त्रालय; बिस्थापित बालबालिकालाई नजिकका विद्यालयमा तत्काल भर्ना खुला गर्ने, किताबकापी र पोशाक व्यवस्था गर्ने ।
- स्वास्थ्य मन्त्रालय; अस्थायी स्थलमा मोबाइल स्वास्थ्य शिविर पठाउने, गर्भवती र सुत्केरीका लागि विशेष प्राथमिकता तोक्ने ।
- राष्ट्रिय प्राधिकरण तथा विपद् व्यवस्थापन विभाग; यस अभियानलाई 'सामाजिक विपद्' घोषणा गरी समन्वयको केन्द्रीय भूमिका लिने ।

#### ख. नागरिक समाज र स्वयंसेवी संस्था

- मनोसामाजिक परामर्श; मनोस्वास्थ्य संस्था र परामर्शदाताहरू अस्थायी स्थलमा सरकारको प्रतीक्षा नगरी पुग्नुपर्छ, विशेषत: बालबालिका, एकल महिला तथा वृद्धवृद्धाका लागि ।
- खाना, लत्ताकपडा, स्वच्छता; स्थानीय गुठी, सामाजिक संस्था र धार्मिक संगठनहरूले नजिकका अस्थायी स्थलमा भोजन सहयोग र स्वच्छता सामग्री पुऱ्याउन सक्छन् ।
- कानूनी सहयोग; वकिल संघ र कानूनी सहायता केन्द्रहरूले बिस्थापित परिवारलाई नि:शुल्क परामर्श दिनुपर्छ, आवास अधिकार र क्षतिपूर्तिका बारेमा ।

#### ग. अस्पताल तथा स्वास्थ्य संस्था

- नोबेल, वीर, प्रसूति गृह; विस्थापित गर्भवती र सुत्केरी महिलाका लागि नि:शुल्क प्रसूति सेवा तत्काल घोषणा गर्ने, केही अस्पतालले थालिसकेका छन्, बाँकीले अनुशरण गर्नुपर्छ । मानसिक स्वास्थ्य अस्पताल; ट्रमा काउन्सेलिङ टोली परिचालन गर्ने, विशेषगरी आत्महत्याको जोखिममा रहेका व्यक्तिहरूको पहिचान र तत्काल सहयोगका लागि ।

#### घ. निजी क्षेत्र, उद्योगी र व्यापारी आदि

- उद्योग वाणिज्य महासंघ; सदस्य उद्योगीहरूबाट आपतकालिन कोष संकलन गरी बिस्थापित परिवारलाई बितरण गर्ने, भूकम्पमा गरेको जस्तै ।
- रियल स्टेट क्षेत्र; अस्थायी आवासका लागि खाली फ्ल्याट वा व्यावसायिक स्थल न्यून भाँडामा वा नि:शुल्क उपलब्ध गराउन सक्छन्, सरकारसँग समन्वय गरी ।
- निर्माण व्यवसायी; वैकल्पिक आवास निर्माणमा सामग्री र जनशक्ति अनुदानमा दिन सक्छन् ।
- एनआरएनए केन्द्रीय समिति; भूकम्प र कोभिडमा झैं तत्काल 'सुकुम्बासी पुनर्स्थापना कोष' घोषणा गर्ने । वित्तीय सहयोगभन्दा माथि विज्ञता र सञ्जाल पनि उपलब्ध गराउने ।
- युवा नेपाली डायस्पोरा; सोसल मिडियामा केवल आरोप र प्रतिआरोपको बाढी बगाउनुभन्दा व्यावहारिक सहयोगका अभियान शुरु गर्ने । अनलाइन फन्डरेजिङ, जागरूकता अभियान र दबाब समूहको रूपमा परिचालित हुने ।

### ५. दुई फरक वर्ग, एउटै समाधान

यो अभियानमा एउटा महत्वपूर्ण कुरा भुल्नुहुँदैन, सबै बस्तीमा सबै उस्तै छैनन् । यसलाई देशव्यापी गर्न जरूरी छ, जिल्लाका सदरमुकामहरूमा ठूला पालिका तथा शहरहरूमा अतिक्रमित जमिनमा घरबासहरू भत्किन थालेका छन् । कतिपय परिवार वास्तविक रूपमा पुस्तौंदेखि

बाँकी पृष्ठ ३ मा...

## नेपाललाई एडीबीको सुझाव

# गरिब जोखिममा छन्, ऋण लिएर पनि राहत देऊ

✍ जनार्दन बराल/अनलाइनखबर

समरकन्द (उज्बेकिस्तान) : पश्चिम एसियामा जारी संकट लामो समय जाने आँकलन गर्दै एसियाली विकास बैंक (एडीबी) ले यसबाट गरिब तथा जोखिममा रहेको जनसंख्या सबैभन्दा प्रभावित हुने बताएको छ । उज्बेकिस्तानको समरकन्दमा ५९औं वार्षिक सम्मेलनमा एडीबीका प्रमुख अर्थशास्त्री डा. अल्बर्ट एफ पार्कले पश्चिम एसियाको युद्ध अस्थायी झट्कामात्र नभई द्वन्द्वको लामो शृङ्खला (स्थायी परिवर्तन) को दिशामा अघि बढेको बताए ।

यसबाट इन्धनमात्र नभई रासायनिक मल एवं अन्य धेरै वस्तुको मूल्य बढेको भन्दै उनले यसबाट गरिब तथा वञ्चितीकरणमा परेका घरपरिवार सबैभन्दा बढी प्रभावित भएको बताए । यस्तो अवस्थामा सरकारले गरिब तथा जोखिममा रहेका परिवारलाई लक्ष्यित गर्दै सहुलियत दिनुपर्ने उनको भनाइ छ । नेपालले त्यस किसिमको कुनै पनि सहुलियत नदिएको तथा नेपालमा इन्धनको मूल्य दक्षिण एसियामै महँगो रहेको अनलाइनखबरको जिज्ञासामा उनले सबैभन्दा जोखिममा रहेको समूहका लागि काम गर्नु सरकारको दायित्व रहेको बताए ।

'यो बेला आवश्यक परेका जनतालाई राहत दिनु चुनौतीपूर्ण छ, तर सबैभन्दा जोखिममा रहेका जनतालाई सहयोग गर्न सरकारले स्रोत परिचालन गर्नुपर्छ,' एडीबीका प्रमुख अर्थशास्त्री पार्कले भने, 'यस्तो बेला एडीबी तथा अन्य दाताले समेत सरकारलाई स्रोत उपलब्ध गराउने विषयमा सहयोग गर्छन् ।' यस्तो अवस्थामा एडीबीले बजेटरी सपोर्ट सुविधा मार्फत सरकारहरूलाई सहयोग गर्ने गरेको उनले बताए । 'खासगरी उच्च मूल्यवृद्धि वा विपद्सँग जुध्ने र सबैभन्दा बढी जोखिममा रहेका जनतालाई संरक्षण गर्न सरकारलाई स्रोत चाहियो भने हामीले यस्तो स्रोत उपलब्ध गराउँछौं,' उनले भने, 'यो संकट सम्बोधन गर्न सरकारले त्यस्तो स्रोत लिन सक्छ ।'

सोही प्रश्नमा एडीबीका डेपुटी चिफ इकोनोमिस्ट अब्दुल अबिदले यो संकटले धेरै राष्ट्रलाई ऊर्जाको वैकल्पिक स्रोतबारे सोच्न बाध्य बनाएको बताए । 'यसले मुलुकहरूलाई ऊर्जाको स्रोत विविधीकरण गर्ने बाटोमा धकेलेको छ, खासगरी नवीकरणीय उर्जाका स्रोतमा लगानी बढाउनुपर्छ,' उनले भने, 'त्यसो भएको खण्डमा यस्तो बेला तपाईंमाथिको जोखिम कम हुन्छ ।' तर, राहत दिने नाममा सबै इन्धनमा अनुदान होइन कि गरिब तथा जोखिममा रहेका जनतालाई नगद अनुदान उपलब्ध गराउन पनि एडीबीले सुझाव दिएको छ ।

यसैबीच एडीबीले पश्चिम एसियामा जारी द्वन्द्वका कारण एसिया र प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदरको प्रक्षेपण पुनः घटाएको छ । बैंकका प्रमुख अर्थशास्त्री पार्कले 'एसियाली विकास परिदृश्य (एडीओ) अप्रिल २)२६' मा हालै गरेको अनुमानभन्दा स्थिति जटिल बन्दै गएको भन्दै आर्थिक वृद्धि प्रक्षेपण दुई परिदृश्यमा घटाएको जानकारी दिए । एडीबीले नयाँ परिदृश्यका रूपमा सन् २०२६ र २०२७ दुवै वर्ष निरन्तर इन्धन आपूर्ति शृङ्खलामा अवरोध आउने र कच्चा तेलको मूल्य २०२६ मा ९६ डलर प्रतिब्यारेल र २०२७ मा ८० डलर प्रतिब्यारेल रहने प्रक्षेपण गरेको छ ।



एडीबीका प्रमुख अर्थशास्त्री डा. अल्बर्ट एफ पार्क

पश्चिम एसियाको स्थिति २०२६ दोस्रो त्रैमाससम्म अझै बिग्रिए तेलको मूल्य प्रतिब्यारेल २ सय डलरसम्म पुग्न सक्ने एडीबीको चेतावनी छ । यसलाई एडीबीले गम्भीर जोखिम भनेको छ । यस्तो भयो भने २०२६ मा कच्चा तेलको मूल्य औसत १ सय ५० डलर प्रतिब्यारेल र २०२७ मा १ सय ४० डलर प्रतिब्यारेल पुग्न सक्ने आकलन एडीबीको छ । गत अप्रिलमा मात्रै विकासशील एसिया र प्रशान्त क्षेत्रमा २०२६ को आर्थिक वृद्धिदर ५.१ प्रतिशत हुने प्रक्षेपण एडीबीको थियो । अब नयाँ परिदृश्य अनुसार यस क्षेत्रको यो वर्षको आर्थिक वृद्धि ४.७ प्रतिशत हुने र अवस्था अझै गम्भीर भयो भने त्यो ४.२ प्रतिशत मात्रै हुने एडीबीको प्रक्षेपण छ ।

आगामी वर्ष २०२७ का लागि पनि एडीबीले आफ्नो प्रक्षेपण घटाएको छ । नयाँ परिदृश्य अनुसार अर्को वर्ष ४.८ प्रतिशत आर्थिक वृद्धि नभई ४ प्रतिशतमा सीमित रहने एडीबीको आकलन छ । आगामी वर्षहरूमा एसियाली अर्थतन्त्रमा सुस्ततासँगै उच्च महँगीको पनि सामना गर्नुपर्ने नयाँ चुनौती थपिएको एडीबीले बताएको छ । गत अप्रिल ८ मा भएको युद्धविरामले पनि महत्त्वपूर्ण व्यापारिक मार्ग 'स्ट्रेट अफ होर्मुज' को अवरोध हटाउन सकेको छैन । मध्यपूर्वका ऊर्जा सुविधामा भएको भौतिक क्षतिका कारण आपूर्ति प्रणालीमा देखिएको अवरोध सुध्रिन ३ देखि ५ वर्षसम्म लाग्न सक्ने एडीबीको विश्लेषण छ ।

यो संकटको सबैभन्दा ठूलो धक्का दक्षिण एसियाली देशलाई लाग्ने देखिएको छ। २०२६ मा दक्षिण एसियाको वृद्धिदर ६.३ प्रतिशत हुने अनुमान गरिएकोमा त्यसलाई संशोधन गरी ५.७ प्रतिशतमा खुम्च्याइएको छ । अवस्था गम्भीर हुँदै जाँदा यो ४.९ प्रतिशतसम्म झर्न सक्ने एडीबीको प्रक्षेपण छ । त्यस्तै मुद्रास्फीति (महँगी) को चाप भने नाटकीय रूपमा बढ्ने प्रक्षेपण छ । दक्षिण एसियामा २०२६ मा मुद्रास्फीति ५ प्रतिशत रहने अनुमान गरिएकोमा अब त्यो बढेर ७.६ प्रतिशत पुग्ने देखिएको छ । यदि द्वन्द्व अझै चर्किए महँगी १०.९ प्रतिशतसम्म पुग्न सक्ने चेतावनी बैंकले दिएको छ ।

प्रमुख अर्थशास्त्री पार्कका अनुसार युद्धविराम भए पनि स्ट्रेट अफ होर्मुजबाट हुने ढुवानी द्वन्द्वपूर्वको अवस्थामा फर्कन सकेको छैन । विशेषगरी कच्चा तेल, एलपीजी, एलएनजी र कन्टेनर जहाजहरूको आवागमनमा गम्भीर असर परेको छ । भौतिक क्षतिका कारण विश्वव्यापी एलएनजी ग्यास प्रशोधन क्षमता १६.९ प्रतिशतले घटेको छ । साउदी अरब, यूएई, कुवेत र बहराइन जस्ता देशका तेल प्रशोधन केन्द्रहरूमा भएको क्षतिका कारण विश्वव्यापी तेल उत्पादनमा २.६ प्रतिशतले कमी आएको छ । यसले गर्दा बजारमा इन्धन अभाव चुलिएको छ भने स्पट (वर्तमान) मूल्य र फ्युचर्स प्राइस (भविष्यमा लिने गरी सम्झौता गर्दाको मूल्य) बीच ठूलो अन्तर देखिएको छ ।

एडीबी प्रतिवेदनले दक्षिण एसियाका लागि अर्को डरलाग्दो चित्र प्रस्तुत गरेको छ । दक्षिण एसियाली देशले प्रयोग गर्ने रासायनिक मलको ३५ प्रतिशत हिस्सा पश्चिम एसियाबाट आउने गर्छ । अहिले युरिया, सल्फर र एमोनिया जस्ता रासायनिक मल र मल उत्पादनका मुख्य कच्चापदार्थको मूल्यमा भारी वृद्धि भएको छ । युरियाको मूल्यमा ८५ प्रतिशत, सल्फर ५० र एमोनियाको मूल्यमा ४६ प्रतिशतभन्दा बढीको वृद्धि देखिएको एडीबीको तथ्यांक छ । यसको प्रत्यक्ष असर कृषि उत्पादनमा पर्ने र आगामी एक त्रैमासिक भित्रै खाद्यान्न मूल्यमा ठूलो उछाल आउने जोखिम छ । नेपालमा असारमा सुरु हुने धानको मुख्य रोपाइँका लागि आवश्यक मल उपलब्ध छैन । नेपालले भारतसँग रासायनिक मल दिन आग्रह गरे पनि भारत आफैं समस्यामा रहेकाले त्यो आउने/नआउने टुंगो छैन । मलको उपलब्धता कम हुँदा किसानले यसको प्रयोग घटाउने र त्यसले खाद्य सुरक्षामा दीर्घकालीन असर पार्ने पार्कले बताए ।

फेब्रुअरी २०२३ यता म्यानमार, लाओस र फिलिपिन्स जस्ता देशमा डिजेलको मूल्य शतप्रतिशत भन्दा धेरै बढेको एडीबीले जनाएको छ । संसारभरि नै पेट्रोलको तुलनामा डिजेलको मूल्य धेरै बढेको देखिन्छ । नेपालमा पनि इतिहासमै सम्भवतः पहिलोपल्ट पेट्रोलभन्दा डिजेल महँगो बनेको छ । यातायात, ढुवानी, निर्माण, कृषि र उद्योग लगायत क्षेत्रमा इन्धनका रूपमा डिजेल प्रयोग हुने हुँदा यसको मूल्य बढ्दा पूरा अर्थतन्त्रकै लागत बढ्ने गर्छ । इन्धनको मूल्य बढ्दा उत्पादन लागत बढ्ने र यसले दोस्रो चरणको महँगी निम्त्याउने जोखिम रहेको एडीबीले जनाएको छ । भारत, बंगलादेश र इन्डोनेसिया जस्ता देशले भारी अनुदान दिएर हालका लागि उपभोक्ता मूल्य स्थिर राखे पनि यो अवस्था धेरै समय टिक्न नसक्ने एडीबीको निष्कर्ष छ ।

संकट सम्बोधन गर्ने नाममा 'ब्ल्यांकेट सब्सिडी' (सबैलाई दिइने इन्धन अनुदान) नदिन पनि एडीबीले सुझाव दिएको छ । यस्तो अनुदानले धनी वर्गलाई बढी फाइदा हुने र सरकारी ढुकुटीमा ठूलो भार पार्ने बैंकको तर्क छ । बरु यसको सट्टा, विपन्न वर्गका लागि 'टार्गेटेड क्यास ट्रान्स्फर' (लक्षित नगद हस्तान्तरण) प्रभावकारी हुने पार्कले बताए । साथै, केन्द्रीय बैंकहरूलाई महँगीको अवस्था हेरेरमात्र मौद्रिक नीति कसिलो बनाउन र ऊर्जा सुरक्षाका लागि नवीकरणीय ऊर्जामा लगानी बढाउन बैंकले आग्रह गरेको छ ।

'यो आपूर्तिको धक्का हो, मागको धक्का होइन, त्यसो हुँदा कसिला नीति ल्याउनुअघि अपेक्षित मूल्यवृद्धि र सेकेन्ड राउन्ड इफेक्ट हेर्नुहोला, ताकि कसिलो नीतिले आर्थिक वृद्धिलाई अनावश्यक नरोकोस्,' पार्कले भने ।

## लुम्बिनी प्रदेश सरकार बजेटको आकार घटाउँदै

# १० देखि १५ प्रतिशत घटाएर पठाइयो सिलिङ

*संघीय बजेट र आन्तरिक राजस्वको अवस्थाले लुम्बिनी प्रदेशको आगामी आर्थिक वर्षको बजेट अझै स्पष्ट हुन सकेको छैन ।*

बुटवल : लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्ष (२०८३/०८४) का लागि बजेटको आकार घटाउने तयारी गरेको छ । सोही अनुसार मातहतका मन्त्रालयहरूलाई करिब १० देखि १५ प्रतिशतसम्म घटाएर बजेटको सिलिङ पठाइएको छ ।

चालु आर्थिक वर्षको तुलनामा घटाइएको सिलिङका आधारमा मन्त्रालयहरूलाई पुँजीगत तथा चालु दुवै शीर्षकमा कार्यक्रम प्रस्ताव गर्न भनिएको छ । हाल मन्त्रालयहरू विशेषगरी चालु खर्च सकेसम्म कटौती गर्दै कार्यक्रम तर्जुमाको तयारीमा जुटेका छन् । मातहतका कार्यालयबाट कार्यक्रम सङ्कलन गर्ने प्रक्रिया अघि बढाइएको प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ। मन्त्रालयका उपसचिव तथा प्रवक्ता धनिश्वर अर्यालका अनुसार चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको बजेट घट्ने देखिएको छ। 'प्रायः सबै मन्त्रालयलाई १० देखि १५ प्रतिशत घटाएर सिलिङ पठाइएको छ। सोहीअनुसार कार्यक्रम बनाउने काम भइरहेको छ,' उनले भने।

अर्यालका अनुसार आगामी आर्थिक वर्षको बजेट करिब ३५ अर्ब रुपैयाँभन्दा कम हुन सक्ने अनुमान छ। 'यदि संघीय बजेट र आन्तरिक स्रोत बलियो भयो भने बजेटको आकार पुनः बढ्न पनि सक्छ,' रातोपाटीसँग उनले भने । चालु आर्थिक वर्ष लुम्बिनी प्रदेश सरकारले ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट विनियोजन गरेको थियो । अहिले मन्त्रालयहरूलाई प्रारम्भिक रूपमा करिब २२ अर्ब रुपैयाँ हाराहारीमा सिलिङ दिइएको छ भने संघीय अनुदान र आन्तरिक स्रोत जोड्दा कुल बजेट करिब ३५ अर्ब रुपैयाँ आसपास पुग्ने अनुमान गरिएको छ ।

अर्यालले सबै मन्त्रालयमा एउटै दरले बजेट कटौती नभएको प्रस्ट पारे । वैशाख मसान्तसम्म मन्त्रालयहरूले कार्यक्रम पेस गरेपछि विस्तृत खाका तयार पारिने उनको भनाइ छ । उनका अनुसार चालु खर्चमा बढी कटौती गरिने छ भने बहुवर्षीय आयोजनाहरूको बजेट भने कटौती हुने छैन । मन्त्रालयहरूबाट प्राप्त सिलिङमा अनिवार्य दायित्व, प्रतिबद्ध खर्च र बहुवर्षीय आयोजनालाई प्राथमिकतामा राखिएको मन्त्रालयले जनाएको छ । अर्थशास्त्री मनिकर कार्कीले सरकारले आफ्नो स्रोत र क्षमताभन्दा बाहिर गएर बजेट ल्याउन नहुने सुझाव दिएका छन् । उनले संघीय सरकारमाथि अत्यधिक निर्भर नहुने गरी प्रदेशले आफ्नै आन्तरिक स्रोत र क्षमतामा आधारित भएर बजेट निर्माण गर्नुपर्नेमा जोड दिए । 'संघमा भर परेरभन्दा आफ्नो स्रोत क्षमतामा आधारित भएर यथार्थपरक बजेट बनाउनु पर्छ,' उनले भने ।




कार्कीका अनुसार सोही आधारमा मन्त्रालयहरूले पनि कार्यक्रम प्रस्ताव गर्नुपर्ने हुन्छ। स्रोत सुनिश्चित नभएका तथा कार्यान्वयन गर्न नसकिने कार्यक्रम समावेश गर्दा बजेट प्रभावकारी नहुने उनको भनाइ छ। उनले बजेटलाई कार्यान्वयनयोग्य, यथार्थपरक र परिणाममुखी बनाउन मन्त्रालयहरूबाट आउने कार्यक्रम पनि प्राथमिकता र आवश्यकताका आधारमा छनोट गर्नुपर्ने सुझाव दिए ।

संघीय बजेट र आन्तरिक राजस्वको अवस्थाले लुम्बिनी प्रदेशको आगामी आर्थिक वर्षको बजेट अझै स्पष्ट हुन सकेको छैन । हालको अवस्थालाई हेर्दा प्रदेशले करिब २२ अर्ब रुपैयाँ चालु तथा पुँजीगत बजेट सञ्चालन गर्न सक्ने सिलिङ प्रदान गरिएको छ, तर संघीय सरकारका बहुवर्षीय आयोजना, प्रदेशसँग मिल्ने कार्यक्रम तथा सशर्त अनुदान जोडिँदा बजेट आकार बढेर करिब ३५ अर्ब रुपैयाँ पुग्ने अर्थ मन्त्रालयका अधिकारीहरूको बुझाइ छ ।

विगतमा आन्तरिक राजस्व सङ्कलन कमजोर देखिएपछि प्रदेश सरकारले त्यसलाई सुधार गर्ने तयारी थालेको छ । यसका लागि राजस्व वृद्धि गर्ने उद्देश्यले उपसमितिहरू गठन गरी प्रतिवेदन तयार गरिएको छ । सरोकारवालासँग सुझाव सङ्कलन गरी चरणबद्ध छलफलसमेत गरिएको छ । यी सबै सुझावका आधारमा प्रदेश सरकारले नयाँ आर्थिक ऐन ल्याउने तयारी गरिरहेको छ । अर्थ मन्त्रालयका प्रवक्ता अर्यालका अनुसार उपसमितिबाट प्राप्त सुझावहरूलाई राजस्व परामर्श समितिले एकीकृत गरी समग्र प्रतिवेदन तयार पारिरहेको छ ।

चालु आर्थिक वर्षमा आन्तरिक राजस्वतर्फ ४ अर्ब ८८ करोड ४६ लाख रुपैयाँ सङ्कलन गर्ने लक्ष्य राखिएको थियो, तर हालसम्म त्यसको आधा पनि सङ्कलन हुन सकेको छैन । विगतमा पनि लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको अवस्था छ। उद्योग, पर्यटन तथा यातायात मन्त्रालयअन्तर्गतको उपसमितिले सवारी तथा यातायात क्षेत्रबाट उठ्ने राजस्वमा केन्द्रित भई नयाँ स्रोत पहिचान तथा करदर परिमार्जनको सुझाव दिएको छ । वन मन्त्रालयअन्तर्गतको उपसमितिले वन तथा खोलानालाबाट उठ्ने राजस्वमा ध्यान केन्द्रित गरेको छ भने कृषि मन्त्रालय अन्तर्गतको उपसमितिले कृषि तथा घरजग्गासम्बन्धी राजस्व स्रोतहरूमा केन्द्रित भई प्रतिवेदन बुझाएको छ ।

चालु आर्थिक वर्षमा लुम्बिनी प्रदेशले ३८ अर्ब ९१ करोड रुपैयाँ बजेट विनियोजन गरेको भए पनि चैत मसान्तसम्म कुल बजेटको करिब ३४ प्रतिशतमात्र खर्च भएको छ। प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार हालसम्म १३ अर्ब ३४ करोड ९६ लाख रुपैयाँमात्रै खर्च भएको छ, जसले बजेट कार्यान्वयन पक्ष कमजोर रहेको देखाउँछ । प्रदेश सरकारका प्रवक्ता तथा कृषिमन्त्री दिनेश पन्थीले बजेटको आकार केही घट्न सक्ने भए पनि आन्तरिक स्रोत वृद्धि गर्ने लक्ष्यसहित काम भइरहेको बताए । उनले संघीय बजेट आएपछि मात्रै प्रदेशको बजेट स्पष्ट हुने उल्लेख गर्दै हाल मन्त्रालयहरूलाई दिइएको बजेट सिलिङ आवश्यकताअनुसार तलमाथि हुन सक्ने प्रस्ट पारे ।

सामुदायिक रेडियो,
रेडियो निकास ६३.४
मेगाहर्ज सुनौं
र सुनाऔं


## शिक्षक आवश्यकता

*(प्रथम पटक सुचना प्रकाशित मिति : २०८३/०१/२५)*

प्रस्तुत विषयमा यस श्री बाल ज्योति माध्यमिक विद्यालय हेटौंडा-५ पिप्लेको मिति २०८३ साल वैशाख २० गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यस विद्यालयमा अंग्रेजी माध्यमतर्फ अध्यापनका लागि तपसिल बमोजिमको निजी स्रोत करार शिक्षक आवश्यक भएकोले इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १४ (चौध) दिनभित्र दरखास्त दिनुहुन अनुरोध छ ।

**तपसिल**
विज्ञापन नम्बर : ०१/२०८२/८३
पद/तह : शिक्षक (आधारभूत तह)
विषय : अंग्रेजी
न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी विषयमा १२ कक्षा वा सो सरह उत्तीर्ण ।

**आवश्यक अन्य योग्यता** :
१) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२) सेवा सुविधा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार ।
३) आवेदन फारम दस्तुर रु ५००।-
४) परीक्षाको किसिम लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक कक्षा अवलोकन ।
५) आवेदन फारम बुझाउने अन्तिम मिति : २०८३/०२/०७ गते कार्यलय समय भित्र ।
६) सम्पर्क मिति : २०८३/०२/०८ ।
७) परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**आवश्यक कागजात** : हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिम प्रमाणपत्रको प्रतिलिपि ।
थप जानकारीका लागि सम्पर्क नं.: ०५७५२०१४५

भरत प्रसाद अर्याल, प्रधानाध्यापक
बालज्योति माध्यमिक विद्यालय
हेटौंडा-५, पिप्ले





## सुकुम्बासी व्यवस्थापन...

भूमिहीन छन् यी खाँटी सुकुम्बासी हुन् जसलाई संविधानले नै जमिनको हक दिएको छ ।

अर्कातिर छन् राजनीतिक संरक्षणमा जमिन ओगटेका, अरूलाई भाडामा दिने गरी अवैध बस्ती व्यावसायिक रूपमा चलाउने हुकुम्बासीहरू । उनीहरूको हिसाबकिताब पनि दुरुस्त राख्नुपर्छ किनभने, उनीहरूलाई कारबाही गर्नुपर्ने हुन्छ ।

यी दुई वर्गको पहिचान नगरी एउटै लाठीले हान्नु न्यायसंगत हुँदैन । र पहिचान नगरी सबैलाई पीडितको रूपमा प्रस्तुत गर्नु पनि इमानदार भइँदैन । वास्तविक सुकुम्बासीको पक्षमा उभिनु भनेको हुकुम्बासीको संरक्षण गर्नु होइन । यो भेद बुझ्नु अहिलेको सबभन्दा ठूलो बौद्धिक चुनौती हो । सुकुम्बासी व्यवस्थापन : सरकारसँगै समाजको दायित्व खाँटी सुकुम्बासीको पुनर्स्थापनामा सहयोग गर्नु र हुकुम्बासीको अतिक्रमण हटाउन बालेन सरकारको आँटलाई हौसलासँगै साथ दिनु विरोधाभासी हुनु होइन । बुझ्न जरूरी छ ।

### ६. करुणा होइन कर्मको राजनीति

लेखक, विश्लेषक झलक सुवेदीले सही भनेका छन् 'जनतालाई सम्मान गर र यो व्यवस्थापनको काम अघि बढाऊ ।' यो भनाइमा दुई काम छन् : सम्मान र व्यवस्थापन । सरकारले व्यवस्थापन थालेको छ, आँट गरेको छ, पहल गरेको छ अब 'सम्मान'को काम समाजको हो ।


सुकुम्बासीको मर्यादापूर्ण पुनर्स्थापना कुनै एक दलको एजेन्डा होइन, हाम्रो साझा मानवीय दायित्व हो । टेलिभिजनमा आँसु देखाएर मात्र सम्मान हुँदैन । पत्रिकामा आरोप छापेर मात्र न्याय हुँदैन । सोसल मिडियामा भावुक पोष्ट गरेर मात्र करुणा पूरा हुँदैन । सम्मान त्यसबेला हुन्छ जब त्यो वृद्धाका लागि सुरक्षित छत हुन्छ । न्याय त्यसबेला हुन्छ जब ती बालबालिकाले नयाँ विद्यालयमा भर्ना पाउँछन् । करुणा त्यसबेला पूरा हुन्छ जब ती गर्भवती महिलाले सुरक्षित प्रसूति सेवा पाउँछिन् ।

मनसुन आउन अब केही साता मात्र बाँकी छ । समय कम छ, काम धेरै छ, जिम्मेवारी सबैको छ । सरकारले आँट गरेको छ । समाजले हात मिलाउनुपर्छ । डोजर चलाएको हेरेर भिडियो र फोटो मात्र खिचेर रमिता गर्ने बेला होइन, करुणाको खोप दिने काममा जुट्नु ज्ञान हो, त्यही औषधि हो, आआफ्नो ठाउँबाट पहल गर्नुपर्छ । हुकुम्बासी हटाउने र खाँटी सुकुम्बासीको मर्यादापूर्ण पुनर्स्थापना यो कुनै एक दलको एजेन्डा होइन, हाम्रो साझा मानवीय दायित्व हो । *(पराजुली, ग्रामीण गरिबी र आर्थिक सामाजिक विकास अनुसन्धाता हुन्।)*

*स्रोत : अनलाइनखबर ।*

चित्लाङ बागमती गोल्डकपको फाइनलमा

# उपाधिका लागि बागमतीसँग भिड्ने



फाइनल प्रवेश गरेको चित्लाङ एफसीको टिम ।

समाज संवाददाता

हेटौंडा : चित्लाङ एफसी, काठमाडौं मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।

सहिद स्मृति रंगशालामा बिहिबार भएको दोस्रो सेमिफाइनल खेलमा सिमराको नवजनजागृति क्लबलाई ५-१ गोलअन्तरले हराउँदै चित्लाङ फाइनलमा पुगेको हो ।

चित्लाङका लागि विदेशी खेलाडी सोलोमन किङले खेलको ४३ औं र ८७ औं मिनेटमा, एरोन थापाले ७८ औं र ८१ औं मिनेटमा गोल गरे भने समीर तामाङले ७९ औं मिनेटमा गोल गरे । जनजागृतीका लागि बिक्रम लामाले ८३ औं मिनेटमा सान्त्वना गोल फर्काए । चित्लाङका सोलोमन प्लेयर अफ दि म्याच घोषित भए । उनले १० हजार प्राप्त गरे ।

चित्लाङ एपीएफलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरेको थियो भने क्वाटरफाइनलमा मछिन्द्रलाई हराउँदै सेमिफाइनल प्रवेश गरेको हो ।

चित्लाङले अब उपाधिका लागि शनिबार सर्लाहीको बागमती युथ क्लबसँग भिड्नेछ । बुधबार भएको पहिलो सेमिफाइनलमा फ्रेन्ड्स क्लबलाई हराउँदै बागमती फाइनल प्रवेश गरेको थियो । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# मोतियाविन्दुको नि:शुल्क शल्यक्रिया

समाज संवाददाता

हेटौंडा: बाराको निजगढ नगरपालिकामा २१ जना मोतियाविन्दु बिरामीहरुको आँखाको नि:शुल्क शल्यक्रिया सम्पन्न भएको छ । निजगढ नगरपालिका र निजगढ तिलगंगा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा सञ्चालित शिविरमा २१ जनाको नि:शुल्क शल्यक्रिया गरिएको हो ।

नगरपालिका र अस्पतालको संयुक्त आयोजनामा निजगढ नगरपालिकामा मोतिविन्दुका कारण हुने अन्धोपन पहिचान तथा उपचार कार्यक्रम अन्तर्गत शिविर सञ्चालन भइरहेको छ। उक्त कार्यक्रम अन्तर्गत हालसम्म ११ स्थानमा नि:शुल्क आँखा शिविर आयोजना गरिएको छ ।

नगरपालिकाको विभिन्न स्थानमा वैशाख ११ गतेदेखि सञ्चालित शिविरमा ८ सय २४ जनाको निशुल्क आँखा परीक्षण गरिएको हो । हालसम्म ८४ जनामा मोतिविन्दु भेटिएकोमा २१ जनाको नि:शुल्क शल्यक्रिया गरिएको हो । शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको छ।

हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. विष्णुहरि मरहठ्ठाले शिविरमा मोतिविन्दु, जलविन्दु, दृष्टिदोष, आँखाका एलर्जीलगायतका बिरामीहरुको आँखा जाँच गरिएको बताउनुभयो । मधुमेह तथा उच्च रक्तचाप भएका बिरामीहरुको थप आँखा परीक्षण गर्न अस्पतालमै बोलाइएको उहाँले जानकारी दिनुभयो । नगरपालिकाको आधा क्षेत्रमा नि:शुल्क आँखा शिविर आयोजना भइसकेको र बाँकी स्थानमा शिविर आयोजना भइरहेको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

# बज्रबाराही माविको प्रधानाध्यापक नियुक्तिमा विवाद

समाज संवाददाता

हेटौंडा: मकवानपुरको थाहा नगरपालिका-६ स्थित बज्रबाराही माध्यमिक विद्यालयको प्रधानाध्यापक नियुक्ति विवादित बनेको छ । विद्यालय व्यवस्थापन समितिले सञ्जिता पाठकलाई प्रधानाध्यापकमा नियुक्ति गर्ने निर्णय विवादित भएको हो ।

यसअघिका प्रधानाध्यापक रमेशमान डंगोलले आफूलाई बिनाकारण प्रधानाध्यापकबाट हटाएको भन्दै अदालतमा मुद्दा दर्ता गरेपछि पाठकको नियुक्ति विवादमा परेको छ । आफूलाई राजनीतिक प्रतिशोधका कारण प्रधानाध्यापकबाट हटाएको भन्दै थाहा नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरमा दिएको उजुरीको सुनुवाई नभएपछि डंगोलले उच्च अदालतमा रिट दायर गर्नुभएको हो ।

सहायक प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गर्दै आउनुभएकी पाठकलाई गत चैत १९ गते बसेको विद्यालय व्यावस्थापन समितिको बैठकले प्रधानाध्यापकमा नियुक्त गरेको थियो । २०७२ सालमा स्थायी नियुक्ति पाउनुभएकी पाठक २०७९ सालदेखि बज्रबाराही माविमा आउनुभएको थियो । उहाँ २०८० सालदेखि सहायक प्रधानाध्यापकको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

यसअघि प्रधानाध्यापक रहनुभएका डंगोलले २०७६ साल पुस १७ गतेबाट प्रधानाध्यापकको जिम्मेवारी निर्वाह गर्दै आउनुभएको थियो। डंगोलले आफूलाई राजनीतिक प्रतिशोध साँधेर जिम्मेवारीबाट हटाइएको बताउनुभयो । उहाँले नगरपालिका र जिल्लाको शिक्षा हेर्ने सम्बद्ध निकायमा दिएको निवेदन सुनुवाई नभएका कारण बुधबार उच्च अदालत पाटनको हेटौंडा इजलासमा रिट दर्ता गराएको बताउनुभयो । रिटमाथिको पहिलो पेशी शुक्रबारका लागि तोकिएको छ ।

नवनियुक्त प्रधानाध्यापक पाठकले डंगोल विद्यालय व्यवस्थापन समितिको कारबाहीमा परेको बताउनुभयो । कारवाहीको कारण उहाँले खुलाउनुभएको छैन ।

१२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा चालु शैक्षिक सत्रमा हालसम्म ३५० जना विद्यार्थी भर्ना भएका छन् । २०८२ सालको एसईईमा विद्यालयबाट ३८ जना विद्यार्थी सहभागी भएका छन् । यस्तै २०८१ सालको एसईईमा ६५ प्रतिशत नतिजा हासिल गर्दै विद्यालय नगर प्रथम भएको थियो । विद्यायलमा मावितर्फ ६ जना र निमावितर्फ ५ जना (स्थायी ३ र राहत २) जना शिक्षक दरवन्दी रहेको प्रधानाध्यापक पाठकले बताउनुभयो ।

नवनियुक्त प्रधानाध्यापक पाठक आगामी दिनमा पाठ्यक्रम एकीकृत गर्ने र विद्यार्थी अनुशासन कायम राख्ने बताउनुहुन्छ । विद्यालयले अंग्रेजी मिडियमलाई व्यवस्थापन गर्ने (ग्रेड टिचिङ्ग), एकीकृत पाठ्क्रम, परीक्षाअघि ७० प्रतिशत हाजिर अनिवार्य गराउने, अभिभावलाई अभिमुखीकरण सञ्चालन गर्ने, सीसीटीभी क्यामरा जडान गर्नेलगायतका योजना रहेको बताउनुभयो । अभिभावकलाई बोलाएर महिनामा एक पटक विद्यार्थीको पढाई, नतिजालगायतका बारेमा जानकारी गराउने र विद्यार्थी र विद्यालयप्रति चासो जगाउन अभिमुखीकरण गर्ने उहाँको भनाइ छ ।

# रोटरी माविको अभिभावक भेला सम्पन्न



अभिभावक भेलामा सहभागी अभिभावकहरु ।

समाज संवाददाता

हेटौंडा : मनहरी-७ स्थित राष्ट्रिय रोटरी माविको २९औं अभिभावक भेला बुधबार सम्पन्न भएको छ । भेलाले विद्यालय व्यवस्थापन समितिको सदस्यहरु चयन गरेको छ । चयन भएका सदस्यहरुमा माया सुनार, सीता भ्लोन, रञ्जु परियार, सावित्री मोक्तान रहेका छन् । ७ सदस्यीय समितिका लागि बाँकी सदस्यहरु पदेन रुपमा विद्यालय प्रधानाध्यापक, शिक्षक प्रतिनिधी तथा वडा कार्यालयको प्रतिनिधी रहने छन् ।

कार्यक्रममा प्रतिनिधीसभा सदस्य प्रशान्त उप्रेतीले ऐलानी जग्गामा बनेका विद्यालयहरुमा सरकारबाट प्राप्त निर्माण सहयोगहरु प्रयोग गर्न नपाइएको भन्ने गुनासो बढिरहेकोले समस्या समाधानका लागि पहल गरिने बताउनुभयो । ऐलानी जमिनमा विद्यालय हुँदा पाइने बजेट रोकिने समस्या देशैभर रहेकोले यसको दिर्घकालीन समाधान खोजिने समेत बताउनुभयो । कार्यक्रममा मनहरीमा रोटरी मावि मात्र नभई करिब ९० प्रतिशत नै ऐलानी जग्गामा सञ्चालित भएकोले यो समस्या निराकरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अभिभावक भेलाको अवसरमा शैक्षिकसत्र २०८२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । यस्तै शिक्षक अभिभावक संघको अध्यक्षमा शर्मिला अर्याल हमाल सर्वसम्मत चयन हुनुभएको छ । प्रतिनिधीसभा सदस्य प्रशान्त उप्रेतीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा मनहरी गाँउपालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, वडा नम्बर ७ का अध्यक्ष ठाकुरराम तितुङ, विद्यालय बाल क्लबकी अध्यक्ष उपमा स्याङ्तान लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# मकवानपुरमा...

पूरा गर्नुपर्ने हुन्छ । सबैभन्दा पहिले वडा तहबाट भूमिहीनहरूको लगत संकलन र प्रमाणीकरण गर्न, सो पश्चात स्थानीय तहको कार्यपालिका र अन्तमा जिल्ला समितिले प्रमाणीकरण गरेपछि मात्रै पुर्जा वितरणको प्रक्रिया सुरु हुने उनले बताए । 'सम्बन्धित व्यक्ति बसोबास गरिरहेको जग्गा दिन मिल्ने खालको छ भने सोही ठाउँमा र नमिल्ने भएमा अन्यत्र जग्गा खोजेर दिने व्यवस्था छ । हेटौंडा उपमहानगर-पालिकाका प्राय: सबै वडाहरुमा यो समस्या रहेको र सो बारे अध्ययन भइरहेको छ ।' उनले भने ।

## कुन पालिकामा कति पुर्जा वितरण भयो ?

मकवानपुरमा हालसम्म ९६० जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको छ । राष्ट्रिय भूमि आयोग र भूमि समस्या समाधान आयोगको जिल्ला समिति मकवानपुरले विभिन्न समयमा गरेका निर्णयहरु अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा उक्त पुर्जा वितरण भइरहेको हो । प्राप्त विवरण अनुसार मकवानपुरका विभिन्न वडाहरुमा गरी १६ जना भूमिहीन दलित र १४४ जना भूमिहीन सुकुम्बासी परिवारले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेका छन् । सो बाहेक ७५ वटा अन्य विभिन्न चरणका कामहरु सम्पन्न भई पुर्जा वितरणको प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

बागमती गाउँपालिकामा सबैभन्दा धेरै पुर्जा वितरण भएको देखिन्छ । बागमतीको वडा नम्बर १ मा ४ जना दलित र ३८ जना सुकुम्बासी, वडा नम्बर २ मा ३० जना सुकुम्बासी र थप ५ वटा काम सम्पन्न भएको छ । बागमतीको वडा नम्बर ३ मा १ जना दलित र ५ जना सुकुम्बासीले पुर्जा पाएका छन् भने वडा नम्बर ४ मा १ जना दलित र १ जना सुकुम्बासी, वडा नम्बर ६ मा ८ जना दलित र २१ जना सुकुम्बासीले पुर्जा पाएका छन् ।

बकैया गाउँपालिकाको वडा नम्बर ७ मा ४० जना भूमिहीन सुकुम्बासीले जग्गाधनी पुर्जा पाएका छन् भने वडा नम्बर ५ मा २ जना दलित र ९ जना सुकुम्बासीले पुर्जा पाएका छन् । हेटौंडा उपमहानगर पालिकाको वडा नम्बर १३ मा ६९ वटा पुर्जा वितरणका लागि काम सम्पन्न भएको छ भने वडा नम्बर १६ मा १ वटा पुर्जा वितरणका लागि आवश्यक प्रक्रिया सम्पन्न भएको छ ।

डँढेलो नियन्त्रण गरौं,
जीवन र वन जोगाऔं

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउन् हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

डिभिजन वन कार्यालय
हेटौंडा, मकवानपुर

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााँझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७









Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ